## जिल्ला विपद् व्यवस्थापन समिति झापाको मिति २०७६ चैत्र ३ गते बसेको बैठकका निर्णयहरु

१. झापा जिल्ला भित्रका सम्पूर्ण स्थानीय तहहरुले कोरोना भाइरस (COVID-19) को रोकथाम, प्रतिरक्षा र उपचार व्यवस्थाको कार्ययोजना बनाइ यथाशीघ्र कार्यान्वय गर्ने ।

२. कोरोना भाइरसको संभावित जोखिमलाई मध्यनजर गरी मेची अस्पताल झापा र बी एण्ड अस्पताल विर्तामोड झापालाई आइसोलेसन कक्षको स्थापना गरी सो को जानकारी विपद् व्यवस्थापन समितिलाई यथाशीघ्र गराउने

३. जिल्ला भित्रका सम्पूर्ण स्थानीय तहहरुले कोरोना भाइरसको संभावित जोखिमलाई मध्यनजर गरी क्वारेन्टाइन स्थापना गर्ने स्थानको पहिचान गरी आवश्यक भौतिक, प्राविधिक र वितीय व्यवस्थापन गरी सो को जानकारी विपद् व्यवस्थापन समितिलाई यथाशीघ्र गराउने ।

४. जिल्ला भित्रका सम्पूर्ण स्थानीय तहहरुले कोरोना भाइरसको संभावित जोखिमलाई मध्यनजर गरी कम्तिमा ५० सेट Personal Protective Equipment (PPE) खरिद गरी भण्डारण गरी राख्ने ।

५. कोरोना भाइरसको संभावित जोखिमबाट उत्पन्न हुन सक्ने खाद्य संकटलाई मध्यनजर गरी सम्बन्धित उद्योग वाणिज्य संघहरुले आवश्यक खाद्यान्न संचित गरी राख्ने ।

६. मेची अंचल अस्पताल भद्रपुर झापाले कोरोना भाइरसको संभावित जोखिमलाई मध्यनजर गरी एक थान एम्बुलेन्स (PPE सहितको चालक समेत) काकरभिट्टा नाकामा तत्काल तयारी अवस्थामा राख्ने ।

७. कोरोना भाइरसको संभावित जोखिमलाई मध्यनजर गरी आवश्यक बन्दोबस्तीको सामग्री तथा सो को व्यवस्थापन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भद्रपुर झापाले गर्ने ।

८. कोरोना भाइरस (COVID-19) को औपचारिक जानकारी तथा सूचना व्यवस्थापन गर्न साथै अन्य सम्बन्धित निकायहरुसँग समन्वय गर्न जिल्ला स्थित सम्पूर्ण स्थानीय तहहरुले सम्पर्क व्यक्ति तोकी सो को जानकारी निर्णय नं ९ बमोजिमको सहायत कक्ष संचालन समितिलाई यथाशीघ्र उपलब्ध गराउने ।

९. जिल्ला प्रशासन कार्यालय झापाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्पूर्ण स्थानीय तहका सम्पर्क व्यक्तिहरु र स्वास्थ्य कार्यालय झापाका सम्पर्क व्यक्ति सदस्य रहने गरी सहायत कक्ष संचालन समिति गठन गर्ने र सहायता कक्ष समेत स्थापना गर्ने । साथै जिल्ला प्रशासन कार्यालय झापाको निशुल्क टेलिफोन नं १६६०२३४५१२५ लाई सूचना प्राप्त गर्न प्रयोगमा ल्याउने र सो को जानकारी सर्वसाधारण समेतलाई गराउने ।

१०. दमक नगरपालिकाबाट रतुवा पुलको ६०० मिटर दक्षिण तर्फ रतुवा क्याम्प बृक्षा रोपण क्षेत्र पूर्व वर्षाको बाढीले बालुवा थुपारी खोलाको सतह उच्चा भएको स्थानबाट च्यानल कटिङ्ग गरी बालुवा निकाली नगरपालिका क्षेत्रकै पशुहाट लगायतका स्थानमा पुराइ गर्न वातावरणीय प्रतिवेदनले गरेको उत्खनन प्रस्ताव नगरस्तरीय विपद् व्यवस्थापन समितिको निर्णय साथ पेश हुन आएको सम्बन्धमा छलफल गर्दा बातावरणीय प्रतिबेदनमा उल्लेख भए बमोजिमको ६०० मिटर लम्बाई ४२ मि. चौडाई र १ मि. गहिराइमा नवढने गरि, बातावरणमा प्रतिकुल असर नपर्ने गरी, न.पा.ले प्रयोग गर्ने प्रयोजनको लागि हाललाई २५ हजार घ.मि नदी जन्य सामाग्री उत्खनन गर्न अनुमती दिने । साथै उत्खनन भएको परिमाणको जानकारी नियमित रुपमा जिल्ला समन्वय समिति समक्ष पेश गर्ने ।

११. कन्काई नदी लोकमार्ग स्थित पुलको ५०० मि. उत्तर र दक्षिण क्षेत्र भित्र नदी जन्य पदार्थ बर्षेनी थुप्रिदै गएको र त्यस भन्दा बाहिरबाट नदी जन्य पदार्थ उत्खनन हुने गरेकाले साविकको धार परिवर्तन हुने र त्यसबाट धनजनको क्षती हुने समेत देखिएकाले र आइ.इ.इ प्रतिबेदन समेतबाट उक्त पुलको ५०० मि. भित्रबाट नदी चेनेलाइज्ड गरी नदी जन्य पदार्थ व्यस्थापन गर्नु पर्ने भएकाले जिल्ला विपद तथा जलवायु उत्थानशिल समितिलाई अनुरोध गर्ने कनकाई नगर स्तरीय विपद तथा जलवायु उत्थानशिल समितिको निर्णय र पेश हुन आएको प्राविधिक प्रतिबेदन बमोजिम सो क्षेत्रमा लम्बाई ५०० मि. चौ.२० मि.र गहिराई १ मि. मा नबढने गरि कुल १० हजार घ.मि नदी जन्य पदार्थ उत्खनन गर्न अनुमती दिने । साथै उत्खनन भएको परिमाणको जानकारी नियमित रुपमा जिल्ला समन्वय समिति समक्ष पेश गर्ने ।

प्रमुख जिल्ला अधिकारी